आज मिति २०७७।०६।२० गते मंगलबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री टेक बहादुर जिरेल | अधिकृत आठौं | |

निर्णय नं. (१) यस गाउँपालिकाको बैठक नं. ६२ औं मिति २०७७।५।२३ को निर्णय नं. १ बाट, गाउँपालिकाको नाममा जग्गा व्यवस्थापन सम्बन्धमा, छानबिन गरी प्रतिवेदन पेश गर्न गठित समितिले मिति २०७७।६।१२ मा पेश गरेको । गाउँपालिकाको जग्गा व्यवस्थापन

अध्ययन गरि प्रतिवेदन पेश गरेको, (अनुसन्धान प्रतिवेदन) आजको बैठकमा छलफल गरि प्राप्त प्रतिवेदन सार्वजनिक गर्न मिति २०७७।६।२१ गते दिनको ११.०० बजे, जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, पत्रकार, अनुगमनदाताहरु तथा सरोकारवाला सबैलाई उपस्थितको लागी सामाजिक सञ्जाल मार्फत उपस्थितको लागी सूचना (निमन्त्रणा) गर्ने निर्णय गरियो साथै सार्वजनिक गर्ने स्थान बैतेश्वर गाउँपालिकाको केन्द्र पाँडुडाँडा मा गर्ने।

निर्णय नं.(२) यस गाउँपालिकाको मिति २०७७।६।१को ४३औं बैठकको निर्णय नं.१को निर्णय अनुसार यस गाउँपालिका मित्र सञ्चालित, सामुदायिक तथा निजी विद्यालयहरुले वैकल्पिक, विधि द्वारा, शिक्षण सिकाई क्रियाकलाप सहजीकरण गर्दै आएकोमा, वर्तमान अवस्थामा covid-19 कोरोना भाइरसको सक्रमण महामारी बढ्दो क्रम भएकोले मिति २०७७।६।२१ गते देखी शिक्षण सिकाई स्थगित राख्न सबै विद्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो, विद्यालयमा रहेका सिकाई केन्द्रमा हाललाई स्थगित गर्ने।

निर्णय नं.(३) यस गाउँपालिकामा बसोवास गर्ने नागरिक हरुलाई सञ्चार टेलिफोन, सेवा स्पष्ट नहुने गरी कठिनाई भएकोले स्थलगत अध्ययन गरि बैतेश्वर वडा नं.४ टारडाँडामा, टावर स्थापना गरि दिन नेपाल टेलिकम चरिकोटमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.(४) संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालय (आर्थिक प्रशासन शाखा) को च.नं. ८६ मिति २०७७।०६।१५को प्राप्त पत्रमा बैतेश्वर गाउँपालिकाको लागी व.उ.शि.नं. ८११०३३१७ मा - अस्पताल निर्माणको लागी भएको पत्रमा बैतेश्वर गाउँपालिकाको हिमालयन केयर हस्पिटल अस्पताल, लेटाङेकोमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट मिति २०७६।११।१६ को निर्णयबाट बैतेश्वर अस्पताल, सूचिकृत भएकोले, बैतेश्वर अस्पताल - कायम गरी संशोधन गरि पठाई दिन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं(५) यस गाउँपालिका बाट हुने कारोबार, योजना उपभोक्ता समितिको बैंक खाता संचालन गर्दा, प्राइम कमर्शियल बैंक सैनापोखरीमा एक उपभोक्ताको खाता संचालनको लागी रु ५०००।-

पाँच दिनमा अनिवार्य भएकोले उपभोक्ताहरु बाट गुनासो-
भएकोले उपभोक्ताहरुको खाता संचालनमा ६ ४०००।-
तिनदिनमा बाट खाता संचालन गरि दिन प्राइम-
कमर्सियल बैंक मैनापोखरीमा अनुरोध गर्ने निर्णय
गरियो।

निर्णय नं. (६) नेपाल विद्युत प्राधिकरण, युनिट केन्द्र मैनापोखरी
मा कार्यरत युनिट प्रमुख बाट, यस गाउँपालिका
स्थित विद्युतका कामहरु सम्पादन गर्ने क्रियाकलाप
सन्तोषजनक नभएकोले यथाशक्य छिटो युनिट प्रमुख
व्यवस्थापन गरिदिन, नेपाल ~~विद्~~ विद्युत प्राधिकरण
दोलखा शाखामा अनुरोध गर्ने निर्णय गरियो।